फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०७९/०८०

चलानी नं. ६४०

मितिः २०७९/०७/१७

विषय: आवश्यक प्रवन्ध मिलाउनुहुन ।

**श्री वडा कार्यालय (सबै)**, फलेवास नगरपालिका, पर्वत ।

**श्री मतदानस्थल तोकिएका विद्यालय (सबै)**, फलेवास नगरपालिका, पर्वत ।

उपरोक्त सम्बन्धमा जिल्ला निर्वाचन कार्यालय, पर्वतको च.नं. १३९ मिति २०७९/०७/१७ गतेको पत्र तथा पत्रसाथ प्राप्त पर्वत जिल्लास्तरीय मतदाता शिक्षा समितिको बैठकका निर्णयहरू समेत यसैसाथ संलग्न छन् । बेहोरा संलग्न पत्र तथा अन्य कागजातहरुबाट जानकारी लिनुभई यहि आउँदो मंसीर ४ गते हुन लागिरहेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा देहाय बमोजिमको प्रवन्ध मिलाउनुहुन अनुरोध छ ।

देहाय

१. वडा वडामा शुरू भएको मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने ।
२. वडामा रहेका मतदानस्थलमा मतदानको दिन आवश्यक भएमा विद्यूतशक्तिको समेत प्रयोग गर्नुपर्ने भएकाले सम्बन्धित विद्यालयहरूमा विद्यूतशक्ति प्रवाहको भरपर्दो प्रवन्ध मिलाउने ।
३. निर्वाचन आचारसंहिताको सबैले पालना गर्ने र गराउने ।
४. आगामी प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनलाई पहिलो प्राथमिकतामा राखी सबै पक्षबाट प्रभावकारी सहयोग तथा समन्वय गर्ने ।

(नेत्रप्रसाद पौडेल)

**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय, पर्वत ।

श्री जिल्ला निर्वाचन कार्यालय, पर्वत ।

श्री शिक्षा शाखा, फलेवास नगर कार्यपालिकाको कार्यालय, पर्वत ।

श्री सूचना प्रविधि अधिकृतः पत्र वेभसाइटमा अपलोड गर्नुहुन तथा विद्यूतीय माध्यमबाट प्रेषित हुन ।

फोन नं. : ०६७-४२०१०९
E-mail : ec.deo.parbat@gmail.com

निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय
पर्वत

प.सं. : ०७९/८०
च.नं. : ९३५

मिति :- २०७९।०७।१७

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
पर्वत
२०५१

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री कुश्मा/फलेवास नगरपालिकाको कार्यालय, पर्वत ।
श्री जलजला/मोदी/पैयूँ/विहादी/महाशिला गाउँपालिकाको कार्यालय, पर्वत ।

प्रस्तुत विषयमा मिति २०७९।०७।१६ गते ताहाँ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत समेतको उपस्थितिमा बसेको मतदाता शिक्षा जिल्ला स्तरीय समितिको बैठकको निर्णयको फोटोकपी पाना २ यसैसाथ संलग्न छ । सो बमोजिम ताहाँ स्थानीय तहमा मतदाता शिक्षा कार्यक्रम संचालन गर्नुहुन तथा ताहाँ स्थानीय तह अन्तर्गतका मतदानस्थलहरुलाई चुस्त दुरुस्त अवस्थामा राख्नुहुन अनुरोध छ ।

(लक्ष्मु शर्मा)
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

प्रशासन

सर्वे वडा तथा मतदानस्थल भएका विद्यालयमा
आवश्यक प्रबन्धका लागि लेखी पठाउने ।

७।१८

आज मिति २०७४।६।१६ गते जिल्ला स्तरीय मतदाता शिक्षा समितिको बैठक समिति संयोजक प्र.जि.अ. श्री नारायण प्रसाद सापकोटाज्यूको संयोजकत्वमा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो।

प्र.जि.अ. नारायण प्र. सापकोटा – संयोजक

प्र.प्र.अ. कुमान सिं. गुरुङ – सदस्य

जि.नि.अ. लघु शर्मा – सदस्य

आमन्त्रित

स.प्र.जि.अ. शिवनाथ पौडेल जिल्ला प्रशासन का.

प्र.प्र.अ. नैन प्रसाद पौडेल, जनपद

प्र.प्र.अ. केशव सुवेदी, सेना

प्र.प्र.अ. कमल ब. ओलिया, मोदी

नि.प्र.प्र.अ. नर बहादुर (कुँवर) महाशिला

नि.प्र.प्र.अ. हरि प्रसाद गुरुङ, तमिहाडी

सहा. प्रशासकीय अधिकृत नविना सुवेदी, जिल्ला प्रशासन का.

निर्णयहरु :-

नि.नं. १. सम्बन्धित स्थानीय तहहरुमा मतदाता शिक्षा कार्यक्रम निर्देशिका २०६८ अनुसार प्रभावकारी रुपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने र सो सञ्चालनका लागि आवश्यक स्रोत साधन सम्बन्धित स्थानीय तहले प्रबन्ध गर्ने। साथै मतदाता शिक्षा कार्यक्रम सम्पन्न भए पश्चात सोको प्रतिवेदन सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत मार्फत जिल्ला निर्वाचन कार्यालय पर्वतमा पठाई जिल्ला स्तरीय मतदाता शिक्षा कार्यक्रमको संयोजकलाई लिखित रुपमा अवगत गराइने।

नि.नं. २. मतदान स्थल सम्बन्धमा स्थानीय

तहहरूले विगतमा स्थानीय तह भित्रका
मतदान स्थलहरूलाई न्यूनतम दूरीमा स्थानमा
कायम गराउने । मतदान स्थल सम्मको
पहुँच मार्गहरूलाई सहज बनाउन आवश्यकता
अनुसार ग्राभेल बाटो र कल्भर्टहरू लगाउन निर्णय
गरियो । साथै मंसिर-४ गते मतदानको दिन
बेलुका रात परे पनि मतदानको विषयलाई मध्यनजर
गरी मतदान स्थलमा बत्तीहरूको उपलब्धता
गर्न गराउन स्थानीय तहहरूले मातहतका
सामुदायिक विद्यालयलाई निर्देशन दिई सोको
कार्य प्रगति जानकारी जिल्ला निर्वाचन
कार्यालयलाई गराउने निर्णय गरियो ।

नि. नं. ६. निर्वाचन आचार संहिताको प्रभावकारी
रूपमा कार्यान्वयन गर्ने गराउने र स्थानीय
तहहरूले निर्वाचन समयमा गर्ने आवश्यक सहयोग
गर्ने निर्णय गरियो ।